साझा सेवा
(सहकारी संस्था) लि.

केन्द्रिय कार्यालय : बल्खु, काठमाण्डौ, ४६७१९८९
E-mail : sajhapsl@gmail.com
Website : www.sajhasewa.com.np
☏ कार्यकारी निर्देशक:- ४२७७१८०, मुख्य निर्देशक:-४२८२३५६
पुल्चोक आयल स्टोर ५५५३३०९
वाफल आयल स्टोर ५२३७३६९
बल्खु आयल स्टोर ४६७१९८९
सानेपा आयल स्टोर ५१८३२७२
बनेपा आयल स्टोर ०११-६६४५६७
भद्रकाली मल तथा ग्यास बिक्री शाखा ४२६५७५८
बल्खु मल तथा ग्यास बिक्री शाखा ४६७१९८९

पत्र सङ्ख्या :- ०७८/०७९
च. नं. :- १११/०७८/०७९

मिति : २०७८/०८/२४

विषय :- **सिमेन्टेड ब्लक राख्ने सम्बन्धी सूचना।**

यस संस्थाको केन्द्रीय कार्यालय का.म.पा. वडा नं.१४, बल्खुस्थित साझा आयल स्टोर परिसरमा करीब ६४५६ वर्ग फूटमा हेभी सिमेन्टेड ब्लक राख्नुपर्ने भएकोले तपसिलमा उल्लेखित निर्माणका शर्तहरुको आधारमा व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाले कार्य गर्न इच्छुक भएमा सो को दररेट समेत उल्लेख गरी तपसिलका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र पेश गरिसक्नु पर्नेछ।
सिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १२:३० बजे केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा खोलिनेछ। रितपूर्वक दर्ता हुन आएका दरभाउपत्र उपस्थित भएका सिलबन्दीपत्रदाता (निवेदक) र कार्यालयका कर्मचारीको रोहवरमा खोलिनेछ। सिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिहरुको अनुपस्थिति भएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही अनुसार हुनेछ।

२. **विवरण**

क. क्षेत्रफल : करिब ६४५६ वर्ग फूट

ख. ब्लक राख्ने कार्य : ४० टन क्षमताको ८० एम एमको हेग्जाग्नल (Hexgonal) हेभी सिमेन्ट ब्लक हुनुपर्ने।

- ग्राउण्ड लेबलिङमा माटो सम्याउने र compaction को कार्य गर्ने।

ग. साइट लेबलिङ : साइट लेबलिङ गरी ६४५६ वर्ग फूटमा न्यूनतम ५० एम एम मोटाई रहने गरी ढुंगाको धुलो राख्नुपर्ने।

घ. ब्लकभार क्षमता : ४० टनको हुनुपर्ने।

ङ. लकिङ (Kerb stone) आवश्यक परेका ठाउँहरुमा राख्नुपर्ने।

च. ८९ फूट लम्बाई बराबर १०" × १०" को पानीको नाला ढलान गर्ने गरी हेभी फलाम (रड) ढक्कन राख्ने गरी बनाउनुपर्ने।

छ. २ फिट ×२ फिटको मंगाल २ वटा बनाउनुपर्ने।

ज. सिमेन्ट ब्लकको गुणस्तर र ग्यारेन्टी अवधि अनिवार्य रुपमा तोक्नुपर्ने।

३. निवेदकले सिलबन्दी दरभाउपत्र पेश गर्दा फर्म, संघ संस्था वा कम्पनीको हकमा कम्पनी दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ।